# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, वैशाख ०४ गते, २०८२ साल (सङ्ख्या ०१

## भाग ३

### बागमती प्रदेश सरकार

## खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### क्षेत्रगत सूचना प्रणालीमा आधारित बागमती प्रदेशको स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** सङ्घ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्यमार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध विकास तथा अनुगमन गर्नका निम्ति स्थानीय तहको नेतृत्वमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "क्षेत्रगत सूचना प्रणालीमा आधारित बागमती प्रदेशको स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एक एम.डि. (म्यान डे)" भन्नाले एक व्यक्तिद्वारा एक कार्यदिनमा गरिने आठ घण्टा कामको अवधि सम्झनु पर्छ।

(ख) "एनवास" भन्नाले राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्झनु पर्छ।

(ग) "एप्लिकेशन" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छताको तथ्यांक संकलनको लागि प्रयोग गरिने एनवासको मोबाइल एपलाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले बागमती प्रदेश सरकारको खानेपानी तथा सरसफाइ डिभिजन/सब-डिभिजन कार्यालय सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले प्रदेश सरकारले वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय तहको खासस्व योजना तयार गर्नका लागि समावेश गरिएको कार्यक्रम/क्रियाकलाप सम्झनु पर्छ।

(च) "खासस्व" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्झनु पर्छ।

(छ) "गणक" भन्नाले एनवास मोबाइल एपद्वारा खासस्व तथ्यांकको संकलनका लागि परिचालन गरिएको व्यक्ति सम्झनु पर्छ।

(ज) "तथ्यांक सङ्कलन" भन्नाले एप्लिकेशन मार्फत लिइएको तथ्यांकलाई सम्झनु पर्छ।

(झ) "नगरपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई सम्झनु पर्छ।

(ञ) "नगरपालिका वा गाउँपालिका बैठक" भन्नाले खासस्व योजना तयार गर्नका निम्ति स्थानीय तहका जिम्मेवार जनप्रतिनिधि, वडा प्रतिनिधिहरू, सम्बन्धित कर्मचारीहरू र खासस्व क्षेत्रमा कार्यरत साझेदार संस्थाहरूबीच भएको सामूहिक छलफल सम्झनु पर्छ।

(ट) "पर्यवेक्षक" भन्नाले इन्जिनियर/आइ.टि. अफिसर/वास अफिसर वा स्थानीय तहबाट तोकिएको व्यक्ति सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "योजना" भन्नाले खानेपानी, सरसफाइ र स्वच्छता योजना सम्झनु पर्छ।

(ढ) "वडा बैठक" भन्नाले छनोट भएको नगरपालिका र गाउँपालिकाको सबै वडाहरूसँगको वडास्तरीय बैठकलाई सम्झनु पर्छ र सो शब्दले गोष्ठी समेतलाई जनाउँनेछ।

(ण) "विभाग" भन्नाले सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन विभाग सम्झनु पर्छ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका वा उपमहानगरपालिकालाई समेत जनाउँछ।

(थ) "स्वीकृत दररेट" भन्नाले जिल्ला दररेट वा स्थानीय तहको कार्यपालिका बैठकले स्वीकृत गरेको दररेटलाई सम्झनु पर्छ।

(द) "स्वीकृत नर्म्स" भन्नाले सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन विभागबाट स्वीकृत भएको नर्म्स सम्झनु पर्छ।

(ध) "क्षेत्रगत सूचना प्रणाली" भन्नाले राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) सम्झनु पर्छ।

३. <u>**योजना तयार गर्न सक्नेः**</u> (१) क्षेत्रगत सूचना प्रणालीमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजना देहाय बमोजिम तयार गरिनेछः-

(क) प्रदेश सरकारले आफ्नो प्रदेश अन्तर्गतका नगरपालिका वा गाउँपालिकाको खासस्व योजना बनाउन आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ।

(ख) स्थानीय तह स्वयमले क्षेत्रगत सुचना प्रणाली प्रयोग गरी पालिकास्तरीय खासस्व योजना तयार गर्न सक्नेछ। यसरी खासस्व योजना तयार गर्नका लागि यस कार्यविधिको प्रयोग गर्न सक्नेछ।

(ग) विकास साझेदार र सरोकारवालाहरूले नगरपालिका वा गाउँपालिकाको सहमति प्राप्त गरे पश्चात मात्र खासस्व योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछन्।

तर बैदेशिक विकास साझेदार संस्थाबाट आर्थिक सहयोग प्राप्त गर्नु पर्दा प्रचलित कानून

बमोजिम नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि स्थानीय तहको खासस्व योजना तयार गर्दा खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनासँग अनिवार्य रूपमा समन्वय गर्नुपर्नेछ।

४. <u>**प्रदेश सरकारले स्थानीय तह छनौट गर्ने तथा सहयोग गर्ने आधारहरू**</u>: प्रदेश सरकारले हरेक आर्थिक वर्ष वार्षिक कार्यक्रमको तयारी गर्ने क्रममा स्थानीय तहबाट माग भएमा स्थानीय तहलाई निम्न आधारमा छनौट गर्न सक्नेछ:-

(क) कुनै स्थानीय तहको हालसम्म खासस्व योजना तर्जुमाका कार्यहरू सुरू नभएको तथा प्रदेश सरकार समक्ष खासस्व योजना तयारीको माग आएको खण्डमा प्रदेश सरकारद्वारा आर्थिक तथा प्राविधिक सहयोग सहित कार्यहरूको सुरूवात गर्न सक्नेछ।

(ख) प्रदेश सरकारबाट खासस्व योजनाको तयारीको लागि स्थानीय तह छनौट नभएको तथा स्थानीय तहले दफा ३ को खण्ड (ख) अनुरूप प्रक्रिया अगाडि बढिसकेको र प्रदेश सरकारसँग सहयोग माग गरेको खण्डमा प्रदेश सरकारले स्थानीय

तहलाई आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ।

(ग) खासस्व योजना बनिसकेको खण्डमा एनवास-एमआइएस (NWASH-MIS) मा खासस्व योजनाको तथ्यांक अद्यावधिक गर्नुपर्ने भएमा प्रदेश सरकारले अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(घ) खासस्व योजना बनेका स्थानीय तहहरूमा प्राथमिकताका आधारमा छनौट भएका आयोजनाहरुको कार्यान्वयनमा प्रदेश सरकारले आवश्यकता अनुसार अनुदान उपलब्ध गराउन सक्नेछ।

५. <u>**योजना तर्जुमा क्रियाकलापः**</u> प्रदेश सरकारले योजना तर्जुमा क्रियाकलाप देहाय बमोजिम गर्नेछः-

**(क) पालिकास्तरीय खासस्व योजना आरम्भ कार्यशाला (Inception Workshop)**

यस कार्यशालामा खासस्व योजनाको उद्देश्यसहित योजना तर्जुमा सम्बन्धी पालिकाको सोच र निर्माण प्रक्रियाबारे सङ्घ, प्रदेश, स्थानीय तहका जनप्रतिनिधि, कार्यकारी निकाय, वडा प्रतिनिधिहरू र खासस्व क्षेत्रमा कार्यरत साझेदार संस्थाहरूसँग अन्तरक्रिया, संवाद र छलफल गरी निष्कर्ष निकाल्नु पर्दछ।

**(ख) प्रशिक्षण सञ्चालन**

एनवास प्रशिक्षणको प्रशिक्षक छनौट गर्दा खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना र सम्बन्धित कार्यालयसँग समन्वय गर्नुपर्नेछ। सो प्रशिक्षण खासस्व योजना सम्पन्न गर्नका लागि आवश्यकता अनुसार सञ्चालन गर्न सकिनेछ।

**(ग) नगरपालिका/गाउँपालिका बैठक**

योजना तयारीको क्रियाकलापको सुरुवात भएको निर्णय नगरपालिका/गाउँपालिका बैठकबाट गर्नु पर्नेछ।

**(घ) वडा बैठक**

तथ्यांक सङ्कलन गर्नु अघि पर्यवेक्षकले सबै वडामा वडाका पदाधिकारीहरूको उपस्थितिमा त्यस वडा अन्तर्गतका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका प्रतिनिधि, शिक्षा र स्वास्थ्य क्षेत्रका प्रतिनिधिहरूसँग वडा कार्यालयमा बैठक बसेको हुनुपर्नेछ। बैठकमा खासस्व क्षेत्रका सम्पूर्ण प्रारम्भिक तथ्यांक संकलन अनुसूची-१ बमोजिमको ढाँचामा भर्नुपर्नेछ।

**(ङ) तथ्यांक सङ्कलन**

सङ्कलन गरेको तथ्यांक गणकले एनवासको सर्भरमा अपलोड गर्नुपर्नेछ।

**(च) तथ्यांक समीक्षा र सम्पादन**

पर्यवेक्षकले सर्भरमा अपलोड भएका तथ्यांकको समीक्षा एवम सम्पादन गरी सो कार्य सम्पन्न भए पश्चात अनुसूची-१ अनुसार तथ्यांक संकलन भए/नभएको यकिन अनुसूची-२ को फारम बमोजिम गर्नुपर्नेछ।

**(छ) प्रमाणीकरण र प्राथमिकिकरण**

सबै तथ्यांक संकलन, समीक्षा र सम्पादन भए पश्चात सम्बन्धित वडामा वडाका पदाधिकारीहरू, शिक्षा र स्वास्थ्य क्षेत्रका प्रतिनिधिहरू, पर्यवेक्षक (इन्जिनियर/आइ.टि. अफिसर/वास अफिसर) र वडा अन्तर्गतका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका प्रतिनिधिहरूको उपस्थितिमा अनुसूची-१ र अनुसूची-२ को फारमको आधारमा प्रमाणीकरण गर्नुपर्नेछ र सो बैठकको निर्णय एनवासको सर्भरमा अपलोड गर्नुपर्नेछ।

वडा स्तरीय प्रमाणीकरणपछि पालिका स्तरीय कार्यशालामा सङ्घ, प्रदेशका प्रतिनिधिहरू, स्थानीय तहका जनप्रतिनिधि, कार्यकारी निकाय, शिक्षा र स्वास्थ्य क्षेत्रका प्रतिनिधिहरू लगायत पालिकाका सम्बन्धित कर्मचारीहरू र खासस्व क्षेत्रमा कार्यरत साझेदार संस्थाहरूको उपस्थितिमा प्रमाणीकरण तथा प्राथमिकिकरण गर्नु पर्नेछ।

(ज) **खासस्व योजना प्रतिवेदन**

प्रमाणीकरण तथा प्राथमिकिकरण सम्पन्न भएपछि योजनाको मस्यौदा एनवास-एमआइएस मार्फत तयार गर्नुपर्नेछ। मस्यौदामा सम्बन्धित सरोकारवालाहरूको सुझाव पछि अन्तिम प्रतिवेदन तयार हुनेछ र यस योजनालाई नगरपालिका/गाउँपालिकाको कार्यपालिकाको बैठकबाट पारित गरी स्वीकृत भएको अन्तिम प्रतिवेदन एनवासको सर्भरमा अपलोड गर्नुपर्नेछ।

६. **योजना तयारी गर्नको लागि खर्चको वर्गीकरणः** (१) योजना तयारी गर्नको लागि खर्चको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) पालिकास्तरीय खासस्व योजना आरम्भ कार्यशालाको निम्ति सम्बन्धित स्थानीय तहले निर्धारण गरेको सीमाभित्र रही नियमानुसार खर्च गर्न सक्नेछ।

(ख) प्रशिक्षण सञ्चालनका निम्ति सम्बन्धित स्थानीय तहले निर्धारण गरेको सीमाभित्र रही नियमानुसार खर्च गर्न सक्नेछ।

(ग) पहिलो चरण नगरपालिका/गाउँपालिका बैठक, वडा बैठकमा प्रति पालिका वा प्रति वडा बैठकमा सम्बन्धित स्थानीय तहले निर्धारण गरेको सीमाभित्र रही नियमानुसार खर्च गर्न

सक्नेछ, पहिलो चरण बैठक सम्पूर्ण वडामा एक चोटी मात्र गर्न सकिनेछ।

(घ) गणकको दैनिक भ्रमण तथा यातायात खर्च स्वीकृत विभागीय नर्म्स अनुसार गर्न सकिनेछ।

(ङ) दैनिक भ्रमण तथा यातायात खर्च बाहेकको गणकको १ एम.डी. को खर्च स्वीकृत दररेट तथा नर्म्स अनुसार गर्न सकिनेछ। गणकको १ एम.डी. मा गर्न सकिने कामको विवरण सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन विभागबाट स्वीकृत अनुसूची-३ मा उल्लेख गरिएको छ।

(च) तथ्यांक प्रमाणीकरण र प्राथमिकीकरण कार्यशालाका लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरेको सीमाभित्र बढीमा २ वटा कार्यशालामा नियमानुसार खर्च गर्न सकिनेछ।

(छ) तथ्यांक संकलनको क्रममा आवश्यक इन्टरनेट, स्टेशनरी र अन्य मसलन्द खर्चको लागि नियमानुसार रू. ३० हजारसम्म खर्च गर्न सक्नेछ।

(ज) प्रदेश सरकारको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय तहको खासस्व योजना तयार गर्नका लागि समावेश

गरिएको कार्यक्रममा विनियोजित रकमबाट नै कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक स्थानीय तहमा खासस्व योजनाको सम्पूर्ण चरण भरिमा न्यूनतम पाँच वा सो भन्दा बढी बैठकको लागि नियमानुसार कूल एक लाख रुपैयाँ सम्म खर्च गर्न सकिनेछ।

७. **संशोधन तथा परिमार्जनः** (१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

तर आर्थिक दायित्व पर्ने विषयमा कुनै द्विविधा उत्पन्न भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) यो कार्यविधिमा उल्लेख भएका विषयहरु प्रचलित कानूनसँग बाझिएको भएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ।

# अनुसूची- १

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

## APPS WISE PROJECTS' DATA PROVIDED BY MUNICIPALITY

District:

Local Government:

Name of Reporting Agency/Person:

| Ward No | Inventory & Sustainability | Household (HH) Questionnaire | | Community Sanitation (CS) | | | Unserved Population | | Health Care Facility (HCF) | School Questionnaire | Public toilet | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Completed Water Supply Project | Total HH | 10% HH sample Nos | Total Completed CS Project | Total Ongoing project | Total New project planed | Total Ongoing project | Total New project planed | Total Nos. of HCF | Total Nos. of School | Total Nos. of Existing Public toilet | Total Nos. of Public toilet new planned | |
| 1 | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | |

*Note:*

*1. This data should be provided by Municipality, so that the data collected by the enumerators can be verified.*

*2. This list should be provided prior to data collection.*

# अनुसूची- २

(दफा ५ को खण्ड (च) सँग सम्बन्धित)

## DATA COLLECTION STATUS OF LOCAL GOVERNMENT

District:

Local Government:

Name of Reporting Agency/Person:

| S. N. | Ward | Data | Inventory | Sustainability | Household Questionnaire | Health Care Facility | School | Community Sanitation | | | Unserved | | | Public Toilet | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Completed | Ongoing | New | Completed | Ongoing | New | Existing | New Planned |
| 1 | 1 | Total | | | | | | | | | | | | | |
| | | Collected | | | | | | | | | | | | | |
| | | Remaining | | | | | | | | | | | | | |
| 2 | 2 | Total | | | | | | | | | | | | | |
| | | Collected | | | | | | | | | | | | | |
| | | Remaining | | | | | | | | | | | | | |
| 3 | 3 | Total | | | | | | | | | | | | | |

| S. N. | Ward | Data | Inventory | Sustainability | Household Questionnaire | Health Care Facility | School | Community Sanitation | | | Unserved | | | Public Toilet | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Completed | Ongoing | New | Completed | Ongoing | New | Existing | New Planned |
| | | Collected | | | | | | | | | | | | | |
| | | Remaining | | | | | | | | | | | | | |
| 4 | 4 | Total | | | | | | | | | | | | | |
| | | Collected | | | | | | | | | | | | | |
| | | Remaining | | | | | | | | | | | | | |
| 5 | 5 | Total | | | | | | | | | | | | | |
| | | Collected | | | | | | | | | | | | | |
| | | Remaining | | | | | | | | | | | | | |

# अनुसूची- ३

(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)

| **Assumption:** | |
|---|---|
| 1 | The data collection using all WASH Plan Apps are done in a Wards by single Enumerator or It is assume that the Enumerators are able to operate all Six WASH Plan Apps |
| 2 | WASH Plan Apps are HH questionnaire, Community Sanitation for (Existing, Ongoing and New Projects), School questionnaire, HCF questionnaire, Public Toilet (Existing and New) and Unserved Population (Ongoing and New) |
| 3 | Assuming that the Enumerator has already concern with Municipality or Ward Representative and got the list of HH, Community Sanitation, School, HCF, Public Toilet and Unserved Community which data to be collected |
| 4 | Assuming that the walking time is as per connecting walking time like as Enumerator walk to school or HCF or Public Toilet data collection then he/she walk to nearby HH also so that a small walking time required for data collection of other apps. |

| **Estimation of Single data collection by Using WASH Plan Apps within a Ward** | | | |
|---|---|---|---|
| **A** | **Sanitation and Hygienic related HH questionnaire Apps** | | |
| | **सरसफाइ र स्वच्छता सम्बन्धि घरधुरी प्रश्नावली** | | |
| | Average Walking time | 3 | minute |

| | | | |
|---|---|---|---|
| | Average Arranging or Preparation time | 5 | minute |
| | time required to Collect one HH data | 12 | minute |
| | Average time required to collect data of one HH | 20 | minute |
| **B** | **Community Sanitation Apps** | | |
| | **समुदायिक सरसफाइ** | | |
| **B.1** | **Existing Sanitation System** | | |
| | Average Walking time | 5 | minute |
| | Average Arranging or Preparation time | 3 | minute |
| | time required to Collect one System data | 8 | minute |
| | Average time required to collect data of one System | 16 | minute |
| **B.2** | **Ongoing Sanitation System** | | |
| | Average Walking time | 5 | minute |
| | Average Arranging or Preparation time | 3 | minute |
| | time required to Collect one System data | 7 | minute |
| | Average time required to collect data of one System | 15 | minute |
| **B.3** | **New Sanitation System** | | |
| | Average Walking time | 5 | minute |
| | Average Arranging or Preparation time | 3 | minute |
| | time required to Collect one System data | 6 | minute |
| | Average time required to collect data of one System | 14 | minute |

| | | | |
|---|---|---|---|
| **C** | **School questionnaire** | | |
| | **बिद्यालय प्रश्नावली** | | |
| | Average Walking time | 8 | minute |
| | Average Arranging or Preparation time | 8 | minute |
| | time required to Collect one HH data | 15 | minute |
| | Average time required to collect data of one HH | 31 | minute |
| **D** | **HCF questionnaire** | | |
| | **स्वास्थ संस्था सुविधा प्रश्नावली** | | |
| | Average Walking time | 8 | minute |
| | Average Arranging or Preparation time | 6 | minute |
| | time required to Collect one HH data | 13 | minute |
| | Average time required to collect data of one HH | 27 | minute |
| **E** | **Public Toilet questionnaire** | | |
| | **सार्वजनिक शौचालय प्रश्नावली** | | |
| | Average Walking time | 7 | minute |
| | Average Arranging or Preparation time | 4 | minute |
| | time required to Collect one HH data | 10 | minute |
| | Average time required to collect data of one HH | 21 | minute |
| **F** | **Unserved Population Apps** | | |

| | | | |
|---|---|---|---|
| | **खानेपानी पहुँच नपुगेका समुदाय** | | |
| **F.1** | **Ongoing System** | | |
| | Average Walking time | 5 | minute |
| | Average Arranging or Preparation time | 3 | minute |
| | time required to Collect one System data | 6 | minute |
| | Average time required to collect data of one System | 14 | minute |
| **F.2** | **New System** | | |
| | Average Walking time | 5 | minute |
| | Average Arranging or Preparation time | 3 | minute |
| | time required to Collect one System data | 5 | minute |
| | Average time required to collect data of one System | 13 | minute |
| **G** | Time required to arrange meeting, Discussion with Community, tea Break Time etc. per day/Per ward | 20 | minute |

**आज्ञाले,**

**मोहन कुमार शाक्य**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू.१०।-